# सिद्धलेक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बुङचुङ, धादिङ

## आ.व. ०७७ ०७८ को आन्तरिक आयको ठेक्का बन्दोवस्त गर्ने बोलपत्र आह्वान सम्वन्धी सूचना

**तेस्रोपटक प्रकाशन बोलपत्र सूचना मिति : २०७७।८।२८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को घ (६) तथा प्रदेश आर्थिक ऐन, २०७७ को दफा ९ (१) को अनुसूची ५ मा भएको व्यवस्था र सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन, २०७७ को दफा १६ को व्यवस्था अनुसार सिद्धलेक गाउँपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोवस्त) सम्वन्धी कार्यविधि २०७५, राजस्व परामर्श समितिको सिफारिस अनुसार गाउँ कार्यपालिकाको मिति २०७७।६।२५ को निर्णय अनुसार आर्थिक वर्ष २०७७।०७८ का लागि ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, माटो, क्रसरवाट निस्केको धुलो, आदि नदीजन्य शुल्क सङ्कलन कार्यका लागि प्रथमपटक मिति २०७७।७।३ मा ३० दिने र पुनः मिति २०७७।०८।१० गते दोस्रोपटक १५ दिने वोलपत्र आह्वान भएकोमा उक्त अवधिमा पनि कुनै फर्म वा कम्पनीवाट वोलपत्र पेस हुन नआएकाले गाउँ कार्यपालिकाको मिति २०७७।०८।२५ को निर्णय बमोजिम न्यूनतम ठेक्का दर संशोधन गरी तपशीलमा उल्लेखित दरमा आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा पत्र, आर्थिक वर्ष २०७६।०७७ को करचुक्ता प्रमाण पत्र र अख्तियारनामाको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सवैको जानकारीका लागि पुनः यो ७ दिने बोलपत्र सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | बोलपत्र नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७७/७८ का लागि कायम वार्षिक न्यूनतम अङ्क (मू.अ. करबाहेक) | सङ्कलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | आ.आय ३।०७७/०७८ | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो, क्रसरबाट निस्केको धुलो, आदि शुल्क सङ्कलन कार्य, | बिक्री शुल्क ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, प्रति क्यू फिट ९।०० (नौ रुपैयाँ) | रु.१,७५,४०,०००।- (एक करोड पचहत्तर लाखमात्र) | IEE क्षेत्रको खोला, क्रसर, बालुवा खानी समेत गरी जम्मा १९,४४,४४।४ घन फिट, गाउँपालिकाभित्रका अन्य क्षेत्रबाट उत्खनन तथा निकासी हुने प्राकृतिक स्रोत | ३०००।- | ठेक्का रकमको ५% प्रतिशत) |

❖ ठेक्का सम्वन्धी सर्त तथा विस्तृत विवरण यस कार्यालयको website www.siddhalekmun.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**शर्तहरु**

१. बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु यस सिद्धलेक गाउँपालिकाको कार्यालयमा कार्यालयको समय भित्र
खरिद गरी पेश गर्न सक्ने व्यवस्था गरिएको छ।   कुमारी बैंक बुडचुड शाखामा रहेको आन्तरिक राजश्व खाता नं
२. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नाममा बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्ने छ।
०८१००३५१२३१०००००५ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्ने छ। यस कार्यालयको नाममा रहेको कुमारी बैंक
३. बोलपत्रदाताले धरौटी वापत कवोल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक
बुडचुड स्थित शखामा रहेको धरौटी खाता नं. ०८१००३५१२४६००००१ मा जम्मा गरेको भौचर वा यस
कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोल पत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनम्याद
सहित जारी गरिएको विडबण्ड पेश गर्नु पर्ने छ।

४. बोलपत्रदाताले यो सूचना प्रकाशित मितिले ८ औ दिन (२०७७९।३ गते) दिनको १२:०० बजे भित्र बोलपत्र पेश
गर्नु पर्ने छ र दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको दिनको २: ०० बजे निजको प्रतिनिधिहरुको रोहवरमा
यस सिद्धलेक गाउँपालिकाको कार्यालयमा खोलिने छ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने
समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न
गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुने छ।

५. ठेक्काअवधि २०७७ असार मसान्त सम्म हुने छ।

६. बोलपत्र सम्बन्धी फारम भर्दा कवोल रकम अनुसार अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा
फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

७. बोलपत्र स्वीकृत भएपश्चात ठेक्काअंकको ३०% ले हुन आउने रकम यस कार्यालयको कुमारी बैंक बुडचुड स्थित
शाखमा रहेको आन्तरिक राजश्व खाता नं. ०८१००३५१२३१०००००५ मा जम्मा गरेको सक्कल भौचर र ठेक्का
अंकको बुझाउन बाँकी ७०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तीमा १३ महिना म्याद भएको
मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानतको (परफरमेनस
वण्ड) सक्कलप्रति सम्झौताको वखत पेश गर्नु पर्ने छ। धरौटी (विड वण्ड) वापत जम्मा गरेको रकमलाई किस्तामा
समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजातहरु पेश गरि सकेपछि
प्रचलित ऐन बमोजिम फिर्ता गरिने छ।

८. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही फारामाबाट अवगत
गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ। म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र
स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस
कार्यालयमा सुरक्षित रहने छ।

९. कर दस्तुर शुल्क दर लगायत अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। नेपाल सरकार वा स्थानीय
तहलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित निकायमा
बुझाउनु पर्ने छ। सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइने छैन।

१०. ठेक्का सम्बन्धी एकमुष्ट रकम एकैपटक दाखिला हुन आएमा कवोल अंकको १५% रकम छुट दिइनेछ।

११. यसमा उल्लेख गरिएको कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन २०६३ तथा
सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुने छ।